# जिल्ला समन्वय समिति, सोलुखुम्बुको मिति २०८२ असार १३ गतेको बैठकका प्रस्ताव तथा निर्णयहरु

<table>
<tr><th>सि.नं.</th><th>प्रस्ताव</th><th>निर्णयको बेहोरा</th></tr>
<tr><td>१)</td><td>कार्यालयको अभिलेख व्यवस्थापन सम्बन्धमा</td><td>साविक जिल्ला विकास समितिको कार्यालयदेखि जिम्मेवारी सरी आएका सरकारी कागजात तथा स्रेस्ता पुरानो भवनमा रहेको र पटक पटक स्थानान्तरण गर्दा अव्यवस्थित भएकाले तत्काल संरक्षण नगर्दा कागजात क्षति नोक्सानी हुने अवस्था भएकाले हाल जिल्ला समन्वय समितिको कार्यालय रहेको भवनमा पुराना सरकारी कागजात तथा स्रेस्ता कागजातका साथै जिल्ला समन्वय समितिको कार्यालयका समेत महत्वपूर्ण कागजातहरु सुरक्षित र व्यवस्थित गर्न कोठाको झ्याल ढोका मर्मत, आवश्यक पर्ने र्‍याक/दराज खरिद, पुरानो भवन भएको स्थानदेखि नयाँ भवनसम्म कागजात तथा सामग्री स्थानान्तरण ज्यामी/ज्याला खर्च, फाइल व्यवस्थापन (Filing, Sorting, Recording लगायत)का लागि कार्यालय समय अतिरिक्त कार्यालयकै कर्मचारी खटाउँदा प्रचलित कानून बमोजिम खाजा खाना बापतको खर्च भुक्तानी गर्न कार्यालयको स्वीकृत बजेट तथा मौज्दात कोषबाट बेहोर्ने गरी अधिकतम रु. ४,५०,०००।– (चार लाख पचास हजार मात्र) बजेट खर्च व्यवस्था गर्ने।</td></tr>
<tr><td>२)</td><td>मौज्दात कोषबाट निकासा सम्बन्धमा</td><td>जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम कार्यक्रम/आयोजना छनौट भई कार्यान्वयनमा रहेका तपसिल बमोजिमका आयोजनाको कोषबाट रकम निकासाका लागि अनुरोध भई आएकोमा अन्तिम किस्ताको हकमा आयोजनाको अनुगमन गरी तपसिल बमोजिमको आयोजनाको रकम ऐ. निर्देशिका र द्विपक्षीय सम्झौता निकासा दिने:<br><br>१. सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>माग रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>वडा नं. १ को प्रशासनिक भवन निर्माण</td><td>२२२५९२०</td><td>अन्तिम किस्ता</td></tr>
<tr><td>२</td><td>वडा नं. ८ को प्रशासनिक भवन निर्माण</td><td>२०४४५८२</td><td>अन्तिम किस्ता</td></tr>
<tr><td>३</td><td>वडा नं. १० को प्रशासनिक भवन निर्माण</td><td>२०५७५३६</td><td>अन्तिम किस्ता</td></tr>
</table>
२. थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>माग रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जुबु स्वास्थ्य चौकी मर्मत तथा व्यवस्थापन</td><td>५०००००</td><td>अन्तिम किस्ता</td></tr>
</table></td></tr>
<tr><td>३)</td><td>मिनी लाइब्रेरी, सूचना तथा अभिलेख केन्द्र</td><td>जिल्लास्थित गाउँपालिका तथा नगरपालिका, सरकारी तथा गैरसरकारी कार्यालय, संघ, संस्था लगायतका निकायबाट प्रकाशित सामग्री, पठनीय र संग्रहनीय सामग्रीहरुको अभिलेखीकरण गर्न तथा विभिन्न पुस्तक, सामग्रीको उपलब्धताबाट पठन संस्कृतिमा</td></tr>
</table>

<table>
<tr><td></td><td>स्थापना सम्बन्धमा</td><td>टेवा दिन जिल्ला समन्वय समितिको कार्यालय भवनमा मिनी लाइब्रेरी, सूचना तथा अभिलेख केन्द्र स्थापना गरी आवश्यक रकम व्यवस्था गर्ने । साथै, जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायहरुलाई प्रकाशित नीति, कानून, योजना, प्रतिवेदन, विभिन्न पुस्तक लगायत संग्रहनीय सामग्री उपलब्ध गराइदिन अनुरोध गर्ने ।</td></tr>
<tr><td>४)</td><td>खर्च समर्थन सम्बन्धमा</td><td>जिल्ला समन्वय समितिको बैठकको निर्णयानुसार मर्मत आदेश दाखिला तथा कार्य सम्पन्न भई कार्यालयको खर्च दायित्वमा रहेका तपसिल बमोजिमका खर्च भुक्तानी जिल्ला समन्वय समितिको चालु आर्थिक वर्षको बजेटबाट खर्च भुक्तानी समर्थन गर्नेः
<table>
<tr><th>सं.</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>कोशी प्रदेशका प्रमुख तथा उपप्रमुखहरुको भेला तथा अन्तरक्रिया कार्यक्रम</td><td>२०५०००</td><td></td></tr>
<tr><td>२</td><td>कार्यालयको बा२झ ३९३६ सवारी साधन मर्मत</td><td>४२३६९३</td><td></td></tr>
<tr><td>३</td><td>कार्यालयको बा१झ ५५३ गाडी मर्मत इन्जिन फिटिङ चार्ज</td><td>२००००</td><td></td></tr>
<tr><td>४</td><td>कार्यालयको मोटरसाइकल तथा सवारी साधन मर्मत</td><td>५७६५०</td><td></td></tr>
<tr><td>५</td><td>ल्यापटप खरिद (चालु खर्चबाट) १ थान</td><td>१०००००</td><td></td></tr>
</table></td></tr>
<tr><td>५)</td><td>मौज्दात कोषमा भएको रकमबाट आयोजना छनौट सम्बन्धमा</td><td>जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम जिल्ला समन्वय समिति, सोलुखुम्बुको मौज्दात कोषबाट समितिको निर्णय बमोजिम छनौट भई कार्यान्वयन भइरहेका आयोजना बाहेक मौज्दात रहेको रकमबाट देहाय बमोजिमका आयोजना कार्यक्रम समितिको निर्णय बमोजिम छनौट गरी विस्तृत लागत अनुमान सहित समितिमा पेश गर्नेः<br>१) जिल्ला समन्वय समितिको नाममा रहेका जग्गा तथा भवन संरक्षणका लागि कम्पाउण्ड वाल, घेराबार<br>२) जिल्ला समन्वय समितिको पुरानो भवन (जिसस प्रमुख क्वाटर) मर्मत<br>३) जिल्ला समन्वय समितिको कार्यालय भवनको सामान्य नियमित मर्मत (मर्मत ठेक्काको BoQ मा उल्लेख नभएका)</td></tr>
<tr><td>६)</td><td>एकीकृत वार्षिक कार्यक्रम तयारी सम्बन्धमा</td><td>संविधान र प्रचलित कानुनले जिल्ला समन्वय समिति तथा जिल्ला सभालाई दिएको जिम्मेवारी बमोजिम जिल्ला स्थित तीनै तह बीचको समन्वयलाई थप प्रभावकारी बनाउन जिल्लास्थित नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका वार्षिक कार्यक्रमहरू सङ्कलन गरी एकीकृत रूपमा प्रकाशन गर्न जिल्ला स्थित सरकारी निकायहरूलाई पत्राचार गर्ने । साथै, कर्मचारीलाई अतिरिक्त समय परिचालन गर्न परेमा प्रचलित कानून बमोजिम खाजा/खाना खर्च उपलब्ध गराउने।</td></tr>
<tr><td>७)</td><td>District Profile तयारी सम्बन्धमा</td><td>सङ्घीय पुनर्संरचना पछि सोलुखुम्बु जिल्लाको एकीकृत वस्तुस्थिति विवरण (District Profile) नभएकाले जिल्ला स्थित सबै गाउँपालिका तथा नगरपालिका, नेपाल सरकार तथा प्रदेश सरकारका निकाय, गैरसरकारी संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा विवरण सङ्कलन गरी कार्यालयकै जनशक्तिलाई अतिरिक्त समयमा परिचालन गरी प्रचलित कानून बमोजिम खाजा/खाना खर्चको व्यवस्था र कार्यदललाई नियमानुसार</td></tr>
</table>

| | | |
|---|---|---|
| | | बैठक भत्ता तथा खाजा सहित तपसिल बमोजिमको District Profile तयारी कार्यदल गठन गर्नेः<br>संयोजकः जिल्ला समन्वय अधिकारी<br>सदस्यहरुः जिल्लास्थित संघ तथा प्रदेश कार्यालयहरु मध्येबाट एक/एक जना कार्यदलले तोकेको प्रतिनिधि, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालयका इन्जिनियर, शाखा अधिकृत/कर्मचारी, गैरसरकारी संघसंस्थाका प्रतिनिधि<br>सदस्य सचिवः संयोजकले तोकेको एक जना कर्मचारी |
| ८) | आन्तरिक नियन्त्रण प्रणाली तथा कार्यसञ्चालन निर्देशिका तयारी सम्बन्धमा | प्रचलित कानून बमोजिम जिल्ला सभा, जिल्ला समन्वय समिति र जिल्ला समन्वय समितिको कार्यालयबाट सम्पादन हुने कामकारबाहीलाई सरल र थप प्रभावकारी बनाउन आवश्यक देखिएकाले जिल्ला समन्वय समितिको आन्तरिक नियन्त्रण प्रणाली तथा कार्यसञ्चालन निर्देशिका तयार गर्न प्रचलित कानून बमोजिम बैठक भत्ता र अतिरिक्त समयमा काम गर्नुपरेमा खाजा/खाना खर्चको व्यवस्था गर्ने गरी तपसिल बमोजिमको कार्यदल गठन गर्नेः<br>संयोजकः जिल्ला समन्वय अधिकारी<br>सदस्यहरुः लेखापाल, शाखा अधिकृत, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि,<br>सदस्य सचिवः संयोजकले तोकेको एक जना कर्मचारी |
| ९) | अन्य कार्यालयको खर्च दायित्व सम्बन्धमा | जिल्ला समन्वय समितिको कार्यालय भवनमा हाल जिल्ला समन्वय समितिको कार्यालय, भूमि समस्या समाधान आयोग, जिल्ला खेलकुद विकास समिति, पूर्वाधार विकास लगायतका कार्यालय रहेकोले भवनमा जडित विद्युतमा सब-मिटर अभावमा सबै निकाय/कार्यालयद्वारा खपत भएको विद्युत महसुल वापतको बिल जिल्ला समन्वय समितिको कार्यालयकै नाममा आउँदा वार्षिक बजेटबाट व्यवस्थापन गर्न नसकिने अवस्था भएकाले आगामी आर्थिक वर्षदेखि हरेक कार्यालयको सबमिटर जडानको व्यवस्था गरी सम्बन्धित निकायबाटै बिल बमोजिमको विद्युत महसुल भुक्तानी गर्ने व्यवस्थाका लागि पत्राचार गर्ने |
| १०) | बेरुजु फछ्र्यौट सम्बन्धमा | साविक जिल्ला विकास समितिको कार्यालय र हालको जिल्ला समन्वय समितिको कार्यालयको नाममा रहेका सबै प्रकृतिका बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकता दिई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३७३ मिति २०८२।०२।०६ को पत्र बमोजिम हुने गरी बेरुजु फछ्र्यौट गर्न कार्यालयका कर्मचारीहरु अतिरिक्त समय समेत परिचालन गरी प्रचलित कानून बमोजिम प्रोत्साहनको व्यवस्था गर्ने |
| ११) | कम्प्यूटर खरिद सम्बन्धमा | कार्यालयमा कार्यरत इन्जिनियरका लागि उपलब्ध कम्प्यूटरबाट कार्यसम्पादन गर्न नसकिने अवस्था भएकाले Engineering सम्बन्धी High Definition सहितको Graphics Program चल्ने स्पेसिफिकेसनको रु. २०००००।– सीमामा ननाघ्ने गरी एक थान ब्रान्डेड कम्प्यूटर चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गतको शीर्षकबाट खरिद गर्ने । |